मितिः २०६९/९/२७

सम्माननीय प्रधानमन्त्री ज्यू,
प्रधानमन्त्रीको कार्यालय
बालुवाटार काठमाण्डौ

विषय : महिला हिंसाविरुद्ध न्याय दिलाइयोस् ।

सम्माननीय प्रधानमन्त्री ज्यू,

नेपालमा केही समय यता महिलाविरुद्ध भएका निकृष्ट हिंसाका घटनाहरुसम्बन्धी समाचारहरु सुनेर हामी स्तब्ध भएका छौं । यस्ता घटनाहरु विरुद्ध महिला अधिकारका निम्ति चलिरहेका विरोध प्रदर्शनहरुमा ऐक्यबद्धता जनाउँदै हामी बेलायतमा बस्दै आएका नेपाली युवाहरु बेलायत स्थित नेपाली राजदूतावास मार्फत नेपाल सरकारलाई यो ज्ञापन पत्र बुझाउँदछौं ।

अरबबाट दुःख गरेर आफ्नो देश फर्किएकी सीता राईलाई त्रिभुवन विमानस्थल कार्यालयकै कर्मचारी तथा प्रहरीको मिलेमतोमा उनको पैसा र शरीर दुवै लुटियो । घरेलु कामदार सरस्वती सुवेदीको मृत्यु शङ्कास्पद अवस्थामा भएको भएतापनि उनको परिवारलाई किटानी उजुरीसमेत गर्न नदिने प्रयास स्वयं प्रहरीबाटै भयो । विन्दु ठाकुर र शिवा हासमीलाई त जिउँदै जलाइएको छ । यस सम्बन्धमा अभियुक्तहरुमाथि लगाइएको अभियोग समेत सरकारले सार्वजनिक गरेको छैन ।

माथि उठान गरिएका घटनाहरुमा सरकारी कर्मचारीका असक्षमता र कतिपय आपराधिक गतिविधिहरुको हामी घोर भर्त्सना गर्दछौं । उपरोक्त घटनाहरु जस्तै समाचार बन्न नसकेका अरु घटनाहरुले सरकारी संयन्त्रको भूमिकालाई शङ्कास्पद बनाएका छन् । त्यसैले हामी बालुवाटारमा नेपाली महिलाको हक हितका निम्ति गरिएको विरोध प्रदर्शनमाथि ऐक्यबद्धता जनाउँदछौं । यस्ता दुःखद घटनाहरुबाट पाठ सिक्दै नेपालको सरकारी, न्यायिक तथा सामाजिक प्रणालीमा मौलाएका धमिराहरुको निराकरण गर्दै नेपालमा महिलामाथि हुने सबै खाले उत्पीडनहरुको अन्त्य गर्न नेपाल सरकारलाई सचेत गराउँदछौं ।

भवदीय

नेपाली युथ फोरम (यु.के.)को तर्फबाट
१. श्रेय पौडेल
२. गौमाया गुरुङ
३ लेक्स लिम्बु
४. चन्द्रिका गुरुङ
५ प्रदिप कुमार सिंह
६ लक्ष्मी गुरुङ
७. अञ्जु गुरुङ

सहयोग गर्ने
१. नेपाली लोकतान्त्रिक मञ्च, बेलायत
२. प्रगतिशिल नेपाली समाज, बेलायत

**बोधार्थ**
सम्माननीय राष्ट्रपतिज्यू
शितल निवास, काठमाण्डौ